CITIZEN ACTION PARTY -SIKKIM
सिटिजन एक्सन पार्टी -सिक्किम
*(For Reforms in Sikkim)*

**Ref No: 061/ CAP/ /GTK/SK/23** **Dated: 11 May 2023**

# प्रेस विज्ञप्ति

सिटिजन एक्सन पार्टीको दोस्रो केन्द्रीय कार्यकारिणी परिषद्को सभा पार्टीको प्रमुख समन्वयक श्री गणेश राईको अध्यक्षतामा पार्टीको मुख्य कार्यलय लोवर लुम्सेमा सम्पन्न भयो। आजको सभामा पार्टीको भावी रणनीति र कार्यक्रममाथि लामो बहस र छलफल पछि पार्टीको पहिलो केन्द्रीय कार्यकारिणी परिषद्को सभाले ग्रहण गरेका 3 वटा प्रस्तावहरूलाई पुनः छलफलमा ल्याइ आज पारित गरेको छ। यसका साथै दिल्ली पुलिस एक्ट संशोधन गरी सीबीआईलाई कुनै पनि राज्यमा जान राज्य सरकारको अनुमति नचाहिने कानून केन्द्र सरकारले पारित गर्ने विषय समाचार माध्यमहरूमा थाहा लागेको छ। उक्त विषयलाई सिटिजन एक्सन पार्टी- सिक्किम हार्दिक स्वागत जनाउँदै प्रस्तावको रूपमा ग्रहण गर्दछ।
आज पारित अन्य प्रस्तावहरूः-

1. सिक्किमलाई संविधानको धारा 371**F** ले विशेष सुरक्षा दिए तापनि पूर्व एसडीएफ सरकार र वर्तमान एसकेएम सरकारको गलत नीतिका कारण सिक्किमको हक अधिकार निरन्तर रूपमा तरलीकरण भएर जाँदै छ। सिटिजन एक्सन पार्टी-सिक्किम सिक्किमले पाएको हक र अधिकार पूर्ण सुरक्षा गर्नेछ। यस विषयमा आम नागरिकलाई पूर्ण जानकारी गराउँदै नागरिकहरूलाई सचेत गराउने प्रस्ताव पारित गर्द छौं।
2. आर्थिक रूपमा सिक्किम आज अति नै कम्जोर भएको छ। यसो हुनुमा पूर्व र वर्तमान सरकारको गलत आर्थिक नीति रहेको छ। सिटिजन एक्सन पार्टी-सिक्किम सिक्किमलाई आर्थिक रूपमा मजबूत बनाउने प्रतिवद्धता जाहेर गर्दै यो प्रस्ताव पारित गर्दछ। सिक्किमको आर्थिक अवस्था व्यवस्थाको विषयमा सिक्किमेली नागरिकलाई जागरूक गराउने यस सभामा प्रस्ताव पारित गर्दछौं।
3. सिक्किमका पुराना राजनैतिक मुद्दाहरू, जस्तै लिम्बू-तामाङको विधानसभा सीटको सुरक्षा, नेपाली सीट पुनर्वहाली, छुटेका 12 जातिलाई एसटीको मान्यता आदि विषयमा वर्तमान सरकार गम्भिर नभएको वितेका चार

वर्षहरूमा स्पष्ट भएको छ। सिटिजन एक्सन पार्टी सिक्किमले यस्ता विषयमा वर्तमान सरकार गम्भिर नरहेको विषय नागरिकहरूमा पुऱ्याउने प्रस्ताव पारित गर्दछौं।

आजको सभालाई पार्टीका प्रमुख समन्वयक श्री गणेश राई लगायत धेरै केन्द्रीय सदस्यहरूले सम्वोधन गर्नुभयो। महासचिव श्री हेमराज अधिकारीले सञ्चालन गरेको यस सभालाई पार्टीको प्रमुख समन्वयक श्री गणेश राईले सम्वोधन गर्दै पार्टी घोषणा गरेको 4 महिना लाग्दा लाग्दै यति छोटो अन्तरालमा पार्टीले अनपेक्षित जनसमर्थन प्राप्त गर्नु यो राम्रो लक्षण हो भन्दै वहाँले सबै नेताहरूलाई बधाई दिनु भयो। वहाँले अझ भन्नु भयो कि राज्यको अव्यवस्थित अर्थनीतिका कारण राज्य दिन प्रतिदिन अधोगतितिर लागि रहेको सत्यतालाई उजगार गर्दै सिटिजन एक्सन पार्टी – सिक्किमले मात्र सिक्किमको यो खस्कँदो अवस्थालाई सुधार गर्न सक्छ भन्ने सुझाव राख्नु भयो।
सिटिजन एक्सन पार्टी-सिक्किमप्रति सिक्किमेली जनताको अपार विश्वास र भरोसा भएको कारण हाम्रो पार्टीले यो उच्चाई चुम्न सफल भएको छ, त्यस कारण सिक्किम र सिक्किमेली नागरिकप्रति सिटिजन एक्सन पार्टी-सिक्किमका हरएक सदस्यले इमानदारीता, मेहनत, लगनशीलताका साथ काम गर्नुपर्ने छ भन्दै सबैलाई आग्रह गर्नुभयो।
पार्टीका प्रचार-प्रसार कार्यकारी अध्यक्ष श्री एमबी लिम्बूको स्वागत सम्वोधनबाट विधिवत शुरू भएको यो एकदिने सभा प्रसाशनिक उपाध्यक्ष श्री प्रसान्त बाबु छेत्रीको धन्यवाद मन्तव्यसँगै कार्यक्रम समाप्त भयो।

महेश राई
प्रवक्ता
सिटिजन एक्सन पार्टी-सिक्किम।